# सानिमा जुम हाइड्रोपावर लिमिटेड.

# Sanima Jum Hydropower Ltd.

**का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमाडौं**

**फोन नं. ४३७३०३०, ४३७२८२८**

**Email : sanimajum@sanimahydro.com, Website: www.sanimajum.com**


## पाचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०३**

**श्री शेयरधनी महानुभावहरु,**

यस सानिमा जुम हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८२ मंसिर २८ गते आइतबार बसेको बैठकको निर्णयानुसार यस कम्पनीको पाचौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

### सभा हुने मिति, समय र स्थान

**मिति** : २०८२ पौष २९ गते मंगलबार (१३ जनवरी, २०२६) ।

**समय** : बिहान ११:३० बजे ।

**स्थान** : होटेल रमादा, का.म.न.पा. वडा नं. ४ शंखपार्क, काठमाडौं ।

### छलफलका प्रस्तावहरु

**(क) साधारण प्रस्तावहरुः**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्त सम्मको वासलात नाफा नोक्सान हिसाव विवरण, नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।

३. आ. व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।

४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ती अनुमोदन गर्ने ।

५. कम्पनीको सञ्चालक नियुक्त/निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरुः**

१. कम्पनीको प्रबन्धपत्रको दफा ६ को (घ), (च) तथा दफा ८ को (क) र नियमावलीको नियम ३१(१) संशोधन गर्ने ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**